# कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८३

## कोशी गाउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
### कोशी, सुनसरी
कोशी प्रदेश, नेपाल

कार्यपालिकाबाट स्वीकृत मिति २०८३/०५/२६

# कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि -२०८३

**प्रस्तावना :**

कोशी गाँउपालिकालाई प्राप्त हुने समपुरक अनुदान, विषेश अनुदान, राजश्व बाँडफाड, सशर्त बजेट रकमका साथै गाँउपालिकाको आन्तरिक श्रोत समेतबाट संचालन हुने वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यन्वयनबाट नियमानुसार कट्टि गरि जम्मा हुन आउने कन्टिजेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त मितव्ययी ढंगले खर्च गर्ने र खर्चलाई पारदर्शि गर्न वान्छनिय भएकाले स्थानिय सरकार सचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) अनुसार कोशी गाँउ कार्यपालिकाबाट स्वीकृत गरि यो कार्यविधि लागु गरिएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस कार्यविधिको नाम यस कार्यविधिको नाम " कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धि कार्यविधि २०८३" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानिय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२ उद्देश्य :**

प्रचलित कानूनको अधिनमा रहि यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) कन्टिजेन्सी रकमबाट भएको खर्चलाई पारदर्शि र विधि सम्मत बनाउने ।

ख) यस कार्यविधिको दफा ५ मा उल्लेखित क्षेत्रहरुमा मात्र खर्च गर्न ।

ग) कन्टिजेन्सी बापतको रकमलाई एकिकृत लगत राखि सो को योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्ने ।

घ) भैपरि आउने खर्चको व्यवस्थापन गर्न ।

ङ) कन्टिजेन्सी वापत रकमको यथार्थपरक विवरण अभिलेखकरण गर्न आदि ।

CamScanner

३. कन्टिजेन्सी रकमको व्यवस्था :

गाँउपालिकामा कार्यान्वयन हुने स्वीकृत योजनामा देहाय बमोजिम कन्टिजेन्सी रकम कट्टा गरि बाँकि रकमलाई शतप्रतिशत मानेर योजनाको लागत अनुमान तयार गरेर योजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

क) पाँच लाख सम्म बिनियोजन भएको योजनाका हकमा तीन प्रतिशत ।

ख) पाँच लाख भन्दा माथि पच्चीस लाख सम्म बिनियोजन भएको योजनाका हकमा दुई दसमलव पाँच प्रतिशत

ग) पच्चीस लाख भन्दा माथि जतिसुकै बिनियोजन भएको योजना भएता पनि दुई प्रतिशत ।

घ) सशर्त अनुदानका हकमा उक्त अनुदानको कार्यविधि वा निर्देशिकामा तोकिएकोमा सोहि बमोजिम र नतोकिएकोमा यसै कार्यविधिमा तोकिए बमोजिम कट्टा गरिनेछ ।

४. कन्टिजेन्सी रकम खर्च गर्न सकिने क्षेत्रहरु :

योजना तथा कार्यक्रमहरुवाट कट्टि भई जम्मा हुन आएको कन्टिजेन्सि रकमलाई देहाय बमोजिमका शिर्षकमा गाउपालिकाले मितव्ययी र पारदर्शी ढंगले खर्च गर्नेछ ।

क) योजना अनुगमन तथा सुपरिवेक्षण एवं योजनासंग सम्बन्धित प्रशासनिक र बैठक भता लगायत खाजा खाना खर्च ।

ख) योजना कार्यान्वयनकालागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद ।

ग) योजना कार्यान्वयनका लागि आबश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च ।

घ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु

ङ) गाँउपालिकाको निर्णय बमोजिम तोकिएका अन्य क्षेत्रहरु ।

च) लेखापरिक्षण सम्बन्धि खर्च ।

छ) योजना तथा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा उपभोक्ता समितिलाई दिने तालिम तथा अभिमुखिकरण गोष्ठी संचालनमा लाग्ने खर्च।

ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरिक्षणका क्रममा भएको यातायात खर्च ।

झ) स्थानिय तह तथा अन्य निकायको सफल योजना तथा कार्यक्रम अनुसरण र असल अभ्यासको सिको गरी त्यस्तो असल अभ्यासलाई कार्यान्वयन गर्नका लागि गरिने अध्ययन तथा अवलोकन खर्च ।

CamScanner

ञ) योजनासंग सम्बन्धित सामाजिक परिचालन खर्च ।

ट) गुणस्तर परिक्षणका लागि लाग्ने आवश्यक खर्च ।

ठ) आयोजनाको अभिलेख व्यवस्थापन योजना खाता र रजिष्टर सम्बन्धि खर्च ।

ड) कार्यपालिकाको निर्णयबाट तोकिएका अन्य खर्चहरु ।

५. कन्टिजेन्सी रकमको खर्च प्रकृति :

योजना तथा कार्यक्रमबाट छुट्टिने कुल कन्टिजेन्सी रकम मध्येवाट प्रशासनिक चालुतर्फ अधिकतम ६० प्रतिशत र पुँजिगत तर्फ ४० प्रतिशतका दरले खर्च गर्न सकिनेछ ।

६. कन्टिजेन्सी रकम खर्च प्रणाली :

क) कन्टिजेन्सीबाट प्राप्त रकमलाई पारदर्शी तथा व्यवस्थित वनाउन प्राप्ति तथा खर्च प्रणालिलाई अभिलेखिकरण गरि राख्ने व्यवस्था गरिनेछ ।

ख) कन्टिजेन्सी कट्टा गरि जम्मा हुने रकमलाई वार्षिक बजेट तथा योजनामा समावेश गरिनेछ।

ग) कन्टिजेन्सीवाट आम्दानी तथा खर्च भएको रकमलाई गाँउपालिकाले आफ्नो वेभसाईडमा राखि सार्वजनिक गर्नेछ ।

घ) योजना तथा कार्यक्रमको कन्टिजेन्सी बापतको रकम योजना तथा कार्यक्रमको कार्यन्वयन सँगै खर्च गर्ने व्यवस्था मिलाईनेछ ।

ङ) गाँउपालिकाको स्वीकृत वार्षिक बजेट सघीय र प्रदेश सरकारवाट प्राप्त हुने शसर्त विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी बापतको कट्टि हुने रकमलाई आर्थिक वर्षको सुरुमा नै एकिकृत रुपमा अनुमान गर्ने र सो बाट हुने खर्चको अध्ययन तथा पुर्वानुमान गरेर योजना शाखाले अनुसूचि १ बमोजिम कन्टिजेन्सी खर्चको कार्ययोजना तयार गरि पेस गर्नु पर्नेछ ।

७. वजेट फ्रिज सम्बन्धि ब्यबस्था :

आर्थिक वर्षको अन्तमा खर्च नभई बाँकि रहेको कन्टिजेन्सी रकम देहाय वमोजिम हुनेछ ।

क) नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायहरुको शसर्त अनुदान अन्तर्गतको फ्रिज हुने भनि तोकिएका सबै प्रकारका अनुदानको कन्टिजेन्सी रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ दिन अगावै भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नु पर्दछ ।

CamScanner

ख) आर्थिक वर्षको अन्तमा खर्च नभई मौज्दात रहेको कन्टिजेन्सी रकम संचित कोषमा दाखिला गरिनेछ र आगामी आर्थिक वर्षकालागि अनुसूचि १ बमोजिमको कार्ययोजना तयार गरि खर्च गर्न सकिनेछ ।

ग) योजनाको कन्टिजेन्सी रकम खर्च नभएमा गाउँपालिकाले उपदान तथा कुनै दिर्घकालिन दायित्वको कोषमा दाखिल गर्न सक्नेछ ।

**८. थपघट हेरफेर र संशोधन :**

कार्यपालिकाले यस कार्यविधिलाई आवस्यकता अनुसार थपघट हेरफेर र संशोधन गर्न सक्नेछ।

**९. बाधा अडकाउ फुकाउने अधिकार :**

यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेको खण्डमा सो बाधा फुकाउने अधिकार गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**१० यसै कार्यविधि बमोजिम भए गरेको मानिने :**

यो कार्यविधि स्वीकृत हुनु पुर्व योजना तथा कार्यक्रमको कन्टिजेन्सी रकमबाट योजना कार्यान्वयनसंग भए गरेका क्रियाकलाप तथा खर्चहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ ।

अनुसूचि १

दफा ६ को (ङ) संग सम्बन्धित

| क.स. | योजना कार्यक्रमको नाम | स्वीकृत रकम | कन्टिजेन्सी रकम | खर्च शिर्षक | खर्च रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

CamScanner